# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-२ सङ्ख्या-१ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०७५/०२/१२

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

स्थानीयस्तरको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वासनियता तथा भेदभावरहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम **"घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिले लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सार्वजनिक निर्माण" भन्नाले प्रचलित कानून बमोजिम सुनकोशी गाउँपालिका, नेपाल सरकार, प्रदेश सरकारको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धि कार्य सम्झनुपर्छ। सो शआब्दले पुनः निर्माण तथा मरमत सम्बारको कार्यलाई समेत जनाउँछ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसायी सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएका फर्म वा कम्पनीलाई सम्झनु पर्दछ।

(घ) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रसतावको स्वीकृतकरत्को बिच भएको सम्झौतापत्र वा त्यस्तो सम्जौता पत्रको अभिन्न अङ्गको रुपमा रहेको कागजात, ड्रईङ डिजाईन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तरलाई सम्झनु पर्दछ।

(ङ) "प्राविधिक" भन्नाले सार्विजनक निर्माण कार्यमा रेखदेख र सुपरीवेक्षण गर्न नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका तथा सम्बन्धित संस्थाको तर्फबाट खटिइएका प्राविधिक कर्मचारी सम्झनु पर्दछ।

(च) "गाउँपालिका " भन्नाले सुनकोशी गाउँपालिका, ओखलढुङ्गालाई सम्झनु पर्दछ।

३. **<u>इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने</u>** : प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

४. **<u>नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था</u>** : (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस सुनकोशी गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल ईन्जिनियर/सब-ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिको सिफारिससहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत आर्थिक ऐन बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको ईजाजतपत्रको अभिलेख अनुसूचि-३ बमोजिमको अभिलेख किताबमा प्रविष्टी गर्नुपर्नेछ।

५. **इजाजतपत्रको अवधि र नवीकरण** : (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (६) बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको तीन महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्बन्धित गाउँपालिकाबाट तोके बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ। इजाजतपत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा तोके बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

६. **इजाजतपत्रको खारेजी** : (१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लङ्घन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

७. **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था** : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा तोके बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

८. **<u>प्रचलित कानून बमोजिम हुने</u>** : यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **<u>बचाउ</u>** : यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची-१

(दफा (४) को उपदफा (१) सँग सम्बन्धित)

**ईजाजतपत्रको लागि निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

निवेदकको फोटो

विषय : ईजाजतपत्र पाउँ भन्ने सम्बन्धमा ।

यस सुनकोशी गाउँपालिकाको "घः वर्गको निर्माण व्यवसायीको ईजाजतपत्र सम्बन्धी कार्यविधि, बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउँनको लागि देहाय विवरणसहित निवेदन पेश गरिएको छ।

१. **निवेदन पेश गर्ने फर्म वा कम्पनीकोः-**

नामः

ठेगानाः

सम्पर्क नं.

ईमेल ठेगानाः

२. **फर्म वा कम्पनीको प्रकृतिः-**

क) प्राईभेट लिमिटेड ☐ ख) पब्लिक लिमिटेड ☐

ग) एकलौटी ☐ घ) साझेदारी ☐

३. **सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिकोः-**

नाम थरः

ठेगानाः

सम्पर्क नं.

ईमेल ठेगानाः

**४.फर्म वा कम्पनीको विवरणः-**

दर्ता नं.

दर्ता मितिः

जारी मितिः अधिकृत पूजीः

दर्ता गहर्ने कार्यालयको नाम र ठेगानाः

**५. ईजाजतपत्र लन चाहेको वर्गः- घ**

**६. समूहीकरण हुन चाहेको समूहः**

**७. आर्थिक स्रोतको विवरणः-**

| विवरण | रकम | वित्तीय संस्थाको नाम |
|---|---|---|
| चल्ती खाता | | |
| मुद्धति खाता | | |
| बचत खाता | | |
| जम्मा | | |

**८. कामदारको विवरणः-**

(क) प्राविधिकः

(ख) अप्राविधिकः-

(ग) अन्यः-

कर्मचारीको शैक्षिक योग्यताको प्रतिलिपी र मंजुरीनामा पेश गर्नुपर्ने छ।

**९. आफ्नो स्वामित्वमा रहेका निर्माण सम्बन्धी सवारी साधन, मेसिनरी औजारको विवरणः**

यस विवरणमा उल्लेखित सवारी साधन तथा मेसिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र र उक्त मेसिनरी औजारहरु चालु अवस्थामा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनपर्नेछ।

| क्र.सं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता सङ्ख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

१०. **<u>करचुक्ता गरेको कागजात:-</u>**

क)

ख)

ग)

यस निवेदन फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठिक र साँचो छ। झुठा ठहर कानून बमोजिम सहुला बुझाउँला ।

निर्माण व्यवसायीको छाप:

निवेदकको नाम:

दस्तखत:

मिति:-

११. **<u>यस अघि सम्पन्न गरेको कामको विवरण:</u>**

| क्र.सं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाताको कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसूची-२

(दफा (४) को उपदफा (३) सँग सम्बन्धित)

**ईजाजत-पत्र**

## सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

# ईजाजत-पत्र

ईजाजत-पत्र नं.ः .................. मितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२).छ (१०) बमोजिम तथा सुनकोशी गाउँपालिका, ओखलढुङ्गाको **"घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५" को दफा** ४ बमोजिम निर्माण व्यवसाय गर्न ........................................................................................ स्थित कार्यालय भएको श्री.....................................................लाई "घ" वर्गको ईजाजत-पत्र प्रदान गरिएको छ।

घ

**ईजाजत-पत्र जारी गर्ने अधिकृतको:-**

हस्ताक्षरः

नाम, थरः

पदः

मितिः

| ईजाजत पत्र नवीकरणको विवरण तालिका | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | नवीकरण गरेको मिति | नवीकरण अवधि | ईजाजत पत्र नवीकरण दस्तुर, भौ. नं. र मिति | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-३

(दफा (४) को उपदफा (४) सँग सम्बन्धित)

ईजाजत-पत्र अभिलेख किताबको ढाँचा

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

फर्म वा कम्पनीको छाप

ईजाजत पत्र नं. जारी मितिः

फर्म वा कम्पनीको नामः- प्रोपाईटरको नामः-

फर्म वा कम्पनीको ठेगानाः- सम्पर्क नः

| क्र.सं. | नवीकरण गरेको मिति | नवीकरण अवधि | ईजाजत पत्र नवीकरण दस्तुर, भौ. नं. र मिति | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसूची-४

(दफा ५ को उपदफा २ सँग सम्बन्धित)

अनुसूची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ........................ | ......................... | | | ......................... | ........................ | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | .................. | .................. | ........................ | ........................ | ......................... | ........................ | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | .................. | .................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .................... | .................... | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसुची-५

## (दफा ४ को उपदफा २ सँग सम्बन्धित)

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण** :

(क) टयाक्टरः एक थान (भाडामा लिएको भएमा सम्झौता पत्र)

(ख) ट्रिपरः एक थान (भाडामा लिएको भएमा सम्झौता पत्र)

(ख) मिक्सरः एक थान

(ग) Theodolite/Level Machine: एक सेट

(घ) वाटर पम्पः तीन थान

(ङ) भाइब्रेटर तीन थान

*द्रष्टव्य :-*

*१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।*

*२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।*

*३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।*

*४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।*

आज्ञाले,

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७५/०७/१३